मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

**सत्रान्त परीक्षा-२०८२**

तह: वी.एड. छैटौं सेमेस्टर

**विषय : प्रायोगिकभाषा विज्ञानका केहीपक्ष (नेपा.४६५)**

---

रोल नं. ....................

**समूह 'क'** १०×१ =१०

**सर्वोत्कृष्ट उत्तरमा रेजा ( ✓) चिन्ह लगाउनुहोस्।**

१. व्यतिरेकी विश्लेषणको विशेषता कुन हो ?

(क) समस्यामूलक क्षेत्रमा केन्द्रित हुनु

(ख) सिकारुका समस्यामा मात्र केन्द्रित हुनु

(ग) भाषिक समानताको अध्ययनमा केन्द्रित हुनु

(घ) पूर्वानुमानको परीक्षणमा केन्द्रित हुनु

२. त्रुटिलाई भाषा सिकाइको सकारात्मक पहलका रूपमा स्थापित गर्ने विद्वान को हुन् ?

(क) रोवर्ट ल्याडो (ख) एस. पिट कर्डर

(ग) चार्ल्स सि. फ्राइज (घ) डेविट क्रिस्टल

३. शैलीविज्ञानमा प्रचलित ढाँचालाई परिवर्तन गर्ने युक्तिलाई के भनिन्छ ?

(क) विचलन (ख) विकल्पन

(ग) समानान्तरता (घ) चयन

४. एउटै प्रकृतिको त्रुटि वारम्वार पुनरावृत्ति हुनुलाई कस्तो त्रुटि भनिन्छ ?

(क) नियमित (ख) अनियमित

(ग) स्थिरीकृत (घ) असावधानीगत

५. व्यतिरेकी विश्लेषणमा सङ्कलित मामग्रीको विश्लेपणको आधारभूत तह कुन हो ?

(क) ध्वनि (ख) वर्ण

(ग) रूप (घ) शब्दभण्डार

६. जोलिङ ह्यारिसले कुन कुराको सडकथन विश्लेषण गरेका थिए ?

(क) टुथपेस्टको विज्ञापन (ख) हेयर टनिकको विज्ञापन

(ग) होम डेकोरेसनको विज्ञापन घ) स्कुलको विज्ञापन

७. शैक्षणिक व्याकरण निमार्णको मख्य आधार कुनलाई मानिन्छ ?

(क) वर्णनात्मक व्याकरण (ख) परम्परागत व्याकरण

(ग) विद्यार्थीको अभिरुचि (घ) शिक्षकहरूको अभिरुचि

८. सङ्कथनलाई चिनाउने आधार तलका मध्ये कुन हो ?

(क) कुराकानी (ख) भाषिक सिकाइ

(ग) अभिव्यक्तिको समग्रता (घ) भाषा तत्त्व

९. आधुनिक शैलीविज्ञानका आरम्भकर्ता कसलाई मानिएको छ ?

(क) रोमन याकोब्सन (ख) फर्डिनान्ड डि सस्युर

(ग) चार्ल्स वाली (घ) लियो स्प्लिटजर

१०. शैक्षणिक व्याकरणको प्रयोजन के हो ?

(क) व्याकरणिक विषयको सरल प्रस्तुति

(ख) व्याकरणिक विषयको निदान र निराकरण

(ग) भाषा सिकाइमा प्रभावकारिता

(घ) परम्परागत व्याकरणको निरन्तरता

मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

**सत्रान्त परीक्षा-२०८२**

तहः बी.एड./छैटौं सेमेस्टर | पूर्णाङ्क : ६०

समयः ३ घण्टा | उत्तीर्णाङ्क : ३०

**विषयः प्रायोगिकभाषा विज्ञानका केहीपक्ष (नेपा.४६५)**

*परीक्षार्थीहरूले सकेसम्म मौलिक र आफ्नै शब्दमा प्रश्नहरूको उत्तर दिनुपर्ने छ ।*

**समूह 'ख'** ६×५=३०

**तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस् ।**

१. व्यतिरेकी विश्लेषणको शैक्षणिक उपयोगिता स्पष्ट पार्नुहोस् ।

२. भाषाशिक्षणका सन्दर्भमा व्यतिरेकी विश्लेषणका तुलनामा त्रुटि विश्लेषण उपयोगी मान्नुका कारण प्रष्ट पार्नुहोस् ।

३. शैक्षणिक व्याकरणका विशेषताहरूको चर्चा गर्नुहोस्।

**अथवा**

शैलीविज्ञानको पूर्वीय परम्पराको चर्चा गर्नुहोस् ।

४. विचलनलाई कसरी चिनाउन सकिन्छ ? यसका विभिन्न प्रकारलाई स्पष्ट पार्नुहोस् ।

५. त्रुटिको विश्लेषणका लागि अपनाइने प्रक्रियालाई प्रष्ट्याउनुहोस् ।

६. सङ्कथनका प्रकारहरूको चिनारी प्रस्तुत गर्नुहोस ।

**अथवा**

वर्णनात्मक व्याकरण र शैक्षणिक व्याकरणमा भिन्नता औंल्याउनुहोस् ।

**समूह 'ग'** २×१०=२०

**तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस् ।**

७. त्रुटि विश्लेषणलाई कसरी चिनाउन सकिन्छ ? यसका वर्गीकरणका प्रचलित आधारहरूका बारेमा चर्चा गर्नुहोस् ।

८. सङ्कथनको परिचयात्मक चिनारी प्रस्तुत गर्दै यसका प्रमुख घटकहरूको विश्लेषण गर्नुहोस् ।

**अथवा**

व्यतिरेकी विश्लेषणको सैद्धान्तिक अवधारणालाई प्रष्ट पार्दै व्यतिरेकी विश्लेषण प्रक्रियाको वर्णन गर्नुहोस् ।

**समाप्त**